नगरसभा अध्यक्ष श्री जोगराज चौधरीले
१९ औं नगर सभामा प्रस्तुत गर्नु भएको
लमही नगरपालिकाको आ.व २०८३/८४ को

# बार्षिक नीति तथा कार्यक्रम

लमही नगरपालिका, दाङ
अषाढ ०९, २०८३

## नगरसभा सदस्यज्यूहरू,

सभामा उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा प्रिय नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू,

आज म यस गरिमामय नगरसभामा नीति तथा कार्यक्रम मात्र प्रस्तुत गरिरहेको छैन, समृद्ध, आत्मनिर्भर, आधुनिक र गौरवशाली लमही निर्माणको साझा सपना, संकल्प र यात्राको नयाँ अध्याय प्रारम्भ गरिरहेको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको समावेशी लोकतन्त्र, सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासनको लक्ष्यलाई स्थानीय तहबाट व्यवहारमा रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी हामी सबैको काँधमा आएको छ। यही जिम्मेवारीलाई अवसरका रूपमा ग्रहण गर्दै लमही नगरपालिकाको नगर प्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरव, जिम्मेवारी र आत्मविश्वासले भरिएको अनुभूति गरिरहेको छु।

यस ऐतिहासिक अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय एकता, लोकतन्त्र, गणतन्त्र र संघीय व्यवस्थाको स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन, जनसंघर्ष र बलिदानी यात्रामा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँहरूको बलिदानले निर्माण गरेको यो लोकतान्त्रिक व्यवस्थाले नै आज हामीलाई जनताको घरदैलोमा टेवा पुर्‍याउने अवसर प्रदान गरेको छ।

साथै, घाइते, बेपत्ता, राजनीतिक परिवर्तनका अभियन्ता, सामाजिक रूपान्तरणका अग्रदूत तथा राष्ट्र निर्माणको अभियानमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

लमही नगरपालिकाको स्थापना कालदेखि आजसम्म नगर विकासको यात्रामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने पूर्व जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवी, समाजसेवी, शिक्षक, किसान, श्रमिक, व्यवसायी, पत्रकार, नागरिक समाज, निजी क्षेत्र, सहकारीकर्मी, विकास साझेदार संस्था तथा सम्पूर्ण लमहीवासीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। आज लमही जहाँ उभिएको छ, त्यो हजारौं नागरिकको श्रम, पसिना, योगदान र सपनाको परिणाम हो।

**सदस्यज्यूहरू,**

हामी आज विकासको एउटा महत्वपूर्ण मोडमा उभिएका छौं। एकातर्फ बढ्दो जनअपेक्षा, सीमित स्रोतसाधन, जलवायु परिवर्तन, बेरोजगारी, कृषि उत्पादनमा देखिएका चुनौती, तीव्र शहरीकरण तथा पूर्वाधार विकासका आवश्यकताहरू छन् भने अर्कोतर्फ अथाह सम्भावना, उर्वर भूमि, मेहनती नागरिक, युवा जनशक्ति, प्राकृतिक सम्पदा र विकासप्रतिको साझा प्रतिबद्धता पनि छ।

हामी चुनौतीलाई समस्या होइन, सम्भावनाको ढोका ठान्छौं।
हामी अभावलाई कमजोरी होइन, सिर्जनशीलताको अवसर मान्छौं।
हामी विकासलाई केवल सडक, भवन र संरचनामा सीमित गर्दैनौं,
विकासलाई नागरिकको जीवनस्तर, अवसर, सम्मान, आत्मनिर्भरता र खुसीसँग जोडेर हेर्छौं।

त्यसैले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम "समृद्ध लमही, सक्षम नागरिक र सुशासित नगर" को दीर्घकालीन सोचलाई केन्द्रमा राखेर तर्जुमा गरिएको छ। यो नीति तथा कार्यक्रम केवल वार्षिक दस्तावेज होइन, आगामी पुस्ताले गर्व गर्ने लमही निर्माणको मार्गचित्र हो।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं योजना, लुम्बिनी प्रदेश सरकारका प्राथमिकता, नगरपालिकाको आवधिक तथा रणनीतिक योजना, जनप्रतिनिधिहरूको सुझाव तथा आम नागरिकका आवश्यकता र आकाङ्क्षालाई आधार मानी कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, पूर्वाधार, वातावरण, सुशासन र सामाजिक न्यायलाई केन्द्रमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

हामी अब केवल विकासका कुरा गर्ने चरणमा छैनौं,
हामी परिणाम दिने, विश्वास जित्ने र परिवर्तन अनुभूत गराउने चरणमा प्रवेश गरेका छौं।

यसै विश्वास, प्रतिबद्धता र उज्यालो भविष्यको दृढ संकल्पका साथ आर्थिक वर्ष २०८३/०८४ का नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्दछु।

## लमही नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमहरुः

### क. सामाजिक विकास तर्फ

### शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

१) **"नगर समृद्धिको आधार : गुणस्तरीय, प्राविधिक र प्रविधिमैत्री शिक्षाको विस्तार"** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै शिक्षालाई सामाजिक रूपान्तरण, आर्थिक समृद्धि र मानव पूँजी विकासको आधारस्तम्भका रूपमा स्थापित गरिनेछ। सभ्य, सुसंस्कृत, नैतिकवान, प्रतिस्पर्धी, सिर्जनशील, सीपयुक्त तथा आत्मविश्वासी नागरिक उत्पादन गर्न प्रभावकारी शिक्षण सिकाइ, नवप्रवर्तन र शैक्षिक गुणस्तर अभिवृद्धिमा विशेष जोड दिइनेछ।

२) शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, प्रविधिमैत्री र विद्यार्थी केन्द्रित बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगलाई प्रोत्साहन गरिनेछ। सामुदायिक विद्यालयहरूमा स्मार्ट कक्षा, डिजिटल बोर्ड, कम्प्युटर प्रयोगशाला, उच्च गतिको इन्टरनेट सेवा, डिजिटल पुस्तकालय तथा ई–लर्निङ प्रणाली विस्तार गरी आवश्यक प्रविधिमैत्री शैक्षिक सामग्री र उपकरण उपलब्ध गराइनेछ।

३) विद्यालयको शैक्षिक वातावरण सुधार, शिक्षक तथा विद्यार्थीको नियमित उपस्थिति, सिकाइ उपलब्धि मापन, अन्तरविद्यालय परीक्षा प्रणाली, विषयगत परीक्षण तथा नतिजा विश्लेषणलाई संस्थागत गर्दै खस्कँदो शैक्षिक गुणस्तर सुधारका लागि प्रभावकारी अनुगमन, मूल्याङ्कन र शैक्षिक सुधार अभियान सञ्चालन गरिनेछ।

४) हाम्रो विद्यालय - राम्रो विद्यालय, हाम्रो गौरव - सामुदायिक विद्यालय" अभियानलाई नगरव्यापी शैक्षिक जागरण अभियानका रूपमा सञ्चालन गरिनेछ। समुदाय, अभिभावक, पूर्व विद्यार्थी, शिक्षक, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवालाहरूको साझा अपनत्व र सहभागिता मार्फत सामुदायिक विद्यालयलाई उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकास गरिनेछ। गुणस्तरीय र पहुँचयोग्य शिक्षाको सुनिश्चितता गरिनेछ।

यसका लागि शिक्षण सहयोग, नगर शिक्षा अनुदान, विद्यालय रूपान्तरण कार्यक्रम तथा सिकाइ उपलब्धि सुधार अभियानलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

५) आर्थिक रूपमा विपन्न, असहाय, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिने नीति अवलम्बन गरिनेछ। कक्षा १२ सम्म छात्रवृत्ति, शैक्षिक सामग्री, पोषण सहायता, मनोसामाजिक परामर्श तथा सकारात्मक शैक्षिक वातावरणको सुनिश्चिततामार्फत शैक्षिक पहुँच र निरन्तरता सुदृढ गरिनेछ।

६) लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा विशेष आवश्यकता भएका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न स्नातक तहसम्म निःशुल्क अध्ययन तथा विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

७) गरीब, जेहेन्दार तथा प्रतिभाशाली विद्यार्थीहरूको उच्च शिक्षा अध्ययनलाई प्रोत्साहन गर्न MBBS, इन्जिनियरिङ, कृषि, पशु विज्ञान, सूचना प्रविधि लगायतका प्राविधिक तथा व्यवसायिक विषयहरूमा प्रतिस्पर्धात्मक छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

८) उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय व्यवस्थापन समितिलाई वार्षिक रूपमा सम्मान, पुरस्कार तथा प्रोत्साहन प्रदान गरी उत्कृष्टता, नवप्रवर्तन र उत्तरदायित्वको संस्कृतिको विकास गरिनेछ।

९) स्थानीय इतिहास, संस्कृति, भाषा, कला, परम्परा, वातावरण तथा स्थानीय ज्ञान–सीपलाई भावी पुस्तासम्म हस्तान्तरण गर्न कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन, लेखन, प्रकाशन र वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१०) शिक्षक अभावका कारण पठनपाठनमा पर्ने असर न्यूनीकरण गर्न विद्यार्थी–शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन, विषयगत शिक्षक व्यवस्थापन तथा आवश्यकता अनुसार नगर शिक्षण सहयोग कार्यक्रम सञ्चालन

गरिनेछ। पालिका अनुदान शिक्षक, वालविकास स.का, विद्यालय कर्मचारी र सहयोगीले पाउँदै आएको संघीय सरकारको तलब स्केल र पालिका अनुदान मार्फत खाईपाई आएको तलब स्केलमा १०% तलव बृद्धि गरिनेछ ।

११) संस्थागत विद्यालयहरूको नियमित अनुगमन तथा नियमनलाई थप प्रभावकारी बनाउँदै शुल्क, छात्रवृत्ति, सेवा सुविधा र शैक्षिक गुणस्तरलाई पारदर्शी, उत्तरदायी तथा विद्यार्थीमैत्री बनाइनेछ। साथै युवाहरूको नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, खेलकुद, सामाजिक उत्तरदायित्व र नागरिक सहभागिता अभिवृद्धिका लागि नगर खेलकुद विकास समिति तथा स्थानीय युवा परिषद् गठन गरी युवा लक्षित कार्यक्रमहरूलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

## स्वास्थ्य सम्बन्धी नीति

१२) "स्वस्थ आमा, सुरक्षित शिशु र समृद्ध परिवार" भन्ने अवधारणालाई आत्मसात गर्दै मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धनका लागि सञ्चालन हुँदै आएको **"आमासँग उपमेयर कार्यक्रम"** लाई थप प्रभावकारी र परिणाममुखी रूपमा निरन्तरता दिइनेछ।

१३) सिकलसेल एनिमिया तथा मिर्गौला रोगका कारण नियमित डायलाइसिस गराइरहेका लमही नगरपालिकाका नागरिकहरूको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले आवश्यक पर्ने निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा आ.व २०८३/८४ देखि सिकलसेल एनिमिया र मिर्गौला रोगका कारण नियमित डायलाईसिस गराईरहेका विरामीहरुका साथै थालासेमियाका विरामीलाई पनि निःशुल्क रगत उपलब्ध गराईनेछ ।

१४) महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्दै पाठेघरको मुखको क्यान्सर, बाँझोपना, पाठेघर सम्बन्धी समस्या तथा अन्य प्रजनन स्वास्थ्य जटिलताको समयमै पहिचान, रोकथाम र उपचारका लागि विशेषज्ञसहितको निःशुल्क प्रजनन स्वास्थ्य शिविर प्रत्येक वडामा सञ्चालन गरिनेछ। साथै नगरस्वाथ्य केन्द्र सतबरिया र सोनपुरमा ल्याव सहित MBBS विशेषज्ञ सेवा विस्तार गरिनेछ ।

१५) आयुर्वेद तथा प्राकृतिक चिकित्सा पद्धतिप्रति नागरिकको बढ्दो विश्वासलाई मध्यनजर गर्दै नागरिक आरोग्य केन्द्रमार्फत दीर्घरोगीहरूलाई प्रदान हुँदै आएको पञ्चकर्म लगायतका आयुर्वेदिक उपचार सेवालाई थप व्यवस्थित, प्रभावकारी र पहुँचयोग्य बनाउँदै निरन्तरता दिइनेछ।

१६) दुर्घटना, पक्षघात, हाडजोर्नी तथा स्नायुसम्बन्धी समस्याबाट प्रभावित नागरिकहरूलाई सहज उपचार सेवा उपलब्ध गराउने उद्देश्यले लमही अस्पतालमा फिजियोथेरापी सेवा सञ्चालनलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ तथा हाड जोर्नी लगायत विशेषज्ञ सेवा थप गरि क्रमशः गुणस्तरीय र प्रभावकारी बनाइनेछ।

१७) मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्दै तनाव व्यवस्थापन, आत्महत्या न्यूनीकरण, पारिवारिक तथा सामाजिक सम्बन्ध सुदृढीकरण, मनोसामाजिक सहयोग तथा भावनात्मक स्वास्थ्य प्रवर्द्धनका लागि समुदायस्तरमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

२१) "समान अवसर, अर्थपूर्ण सहभागिता र सुरक्षित समाज" भन्ने मूल मान्यतालाई आत्मसात गर्दै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद तथा असमानताको अन्त्य गरी लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी विकासलाई संस्थागत गर्न सम्बन्धित नीति, कार्यक्रम तथा कानुनी व्यवस्थाको साथै JESI Policy निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिनेछ।

२२) महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, अति विपन्न तथा पछाडि पारिएका वर्गहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणका लागि नेतृत्व विकास, क्षमता अभिवृद्धि, चेतनामूलक तथा अधिकारमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

२३) उद्यमशीलता, स्वरोजगार तथा आर्थिक आत्मनिर्भरताको विकासमार्फत लक्षित वर्गको जीवनस्तर उकास्न सीप विकास, व्यवसाय प्रवर्द्धन, वित्तीय साक्षरता, लघुउद्यम तथा आयआर्जनमूलक तालिम सञ्चालन गरिनेछ। उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा समेत आवश्यक सहजीकरण गरिनेछ।

२४) ज्येष्ठ नागरिकहरूको सम्मान, सुरक्षा र सक्रिय जीवनयापनलाई प्रोत्साहन गर्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। उहाँहरूको अनुभव, ज्ञान, सीप र जीवनदर्शनलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरी पुस्तान्तरणमा आधारित सामाजिक सद्भाव र सम्मानको संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।

२५) अपाङ्गता भएका व्यक्तिहरूको सम्मानजनक र सहज जीवनयापन सुनिश्चित गर्न आवश्यक सहायक सामग्री वितरण, पुनःस्थापना तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। साथै सार्वजनिक भवन, सडक, सेवा केन्द्र तथा अन्य भौतिक संरचनालाई क्रमशः अपाङ्गमैत्री, पहुँचयोग्य र समावेशी बनाइनेछ।

२६) बालविवाह, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, लागू पदार्थ दुर्व्यसन, लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक विभेद तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायमाथि हुने विभेद न्यूनीकरणका लागि समुदायस्तरमा सचेतना, रोकथाम तथा संरक्षणमूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै बाल अधिकारको सुनिश्चितता गर्दै "बालमैत्री लमही" निर्माण अभियानलाई थप प्रभावकारी बनाइनेछ।

२७) असहाय, हिंसापीडित, यौन दुर्व्यवहार तथा घरेलु हिंसाबाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि अल्पकालीन सेवा केन्द्रमार्फत सुरक्षित आश्रय, मनोसामाजिक परामर्श, कानुनी सहायता, स्वास्थ्य सेवा तथा पारिवारिक पुनर्मिलन सम्बन्धी सेवाहरू उपलब्ध गराइनेछ। पीडितमैत्री सेवा प्रणालीमार्फत सम्मानजनक पुनःस्थापनालाई प्राथमिकता दिइनेछ।

## आर्थिक विकास तर्फ

## कृषि विकास सम्बन्धी नीति

२८) *"आत्मनिर्भर किसान : समृद्ध लमही"* भन्ने मूल अवधारणालाई आत्मसात गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता तथा गुजारामुखी कृषि प्रणालीलाई व्यवसायिक, प्रतिस्पर्धी र आधुनिक कृषि प्रणालीमा रूपान्तरण गर्न कृषकहरूलाई उन्नत तथा गुणस्तरीय बीउबिजन, कृषि सामग्री लगायतमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२९) स्थानीय स्तरमै गुणस्तरीय बीउको उत्पादन र आपूर्ति सुनिश्चित गर्न बीउ उत्पादक कृषक, कृषक समूह, कृषि सहकारी तथा उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ। बीउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी स्रोत बीउको उत्पादन, संरक्षण तथा सहज उपलब्धताको व्यवस्था गर्दै आत्मनिर्भर बीउ प्रणालीको विकास गरिनेछ।

३०) दिगो कृषि विकास र सुरक्षित खाद्य प्रणाली निर्माणका लागि प्राङ्गारिक तथा जैविक खेती प्रणालीलाई विशेष प्राथमिकता दिइनेछ। गोठेमल, हरियो मल, कम्पोष्ट मल, भर्मी कम्पोष्ट तथा अन्य जैविक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३१) किसानमैत्री सेवा प्रवाह तथा कृषि क्षेत्रको यथार्थ तथ्याङ्क व्यवस्थापनका लागि किसान सूचिकरण कार्यक्रमलाई पूर्णता दिइनेछ। सबै कृषकलाई किसान परिचयपत्र उपलब्ध गराई कृषि अनुदान, प्रविधि, बीमा तथा अन्य सेवाहरूमा सहज पहुँच सुनिश्चित गरिनेछ।

३२) भूमिहीन, सिमान्तकृत, विपन्न तथा कृषि पेशामा आवद्ध हुन इच्छुक युवाहरूलाई लक्षित गरी सञ्चालन हुँदै आएको करार खेती कार्यक्रमलाई थप प्रभावकारी

बनाइनेछ। उपयोगविहीन तथा बाँझो जमिनको सदुपयोग गर्दै उत्पादन, रोजगारी र आयआर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

३३) *"स्वस्थ माटो : उच्च उत्पादन"* भन्ने अवधारणाअनुरूप माटो परीक्षण तथा माटो सुधार कार्यक्रमलाई व्यापक रूपमा सञ्चालन गरिनेछ। माटोको भौतिक, रासायनिक तथा जैविक गुणहरूको विश्लेषण गरी *"भूमिको अधिकार, सम्मानित जीवनको आधार"*भन्ने अवधारणालाई आत्मसात गर्दै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको भूमि अधिकार सुनिश्चित गर्न लगत प्रमाणीकरण, नापजाँच तथा जग्गाधनी प्रमाणपूर्जा वितरण कार्यलाई तीव्रता दिइनेछ।

३४) *"उर्वर भूमि संरक्षण, भविष्यको खाद्य सुरक्षा"* भन्ने मान्यतालाई आत्मसात गर्दै स्थानीय भू–उपयोग योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। सम्पूर्ण भूमि वर्गीकरण सम्पन्न गरी कृषियोग्य नगरस्तरीय डिजिटल माटो उर्वराशक्ति नक्सा तयार गरिनेछ।

३५) जमिनको संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ। खेतीयोग्य तर उपयोगविहीन अवस्थामा रहेका सरकारी, सार्वजनिक तथा नदी उकास जमिनको अभिलेख तयार गरी भूमिहीन, पूर्वकमैया, पूर्वकमलरी तथा साना किसान परिवारलाई प्राथमिकताका आधारमा व्यक्तिगत वा सामूहिक रूपमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

३६) कृषि उत्पादन वृद्धि, बाँझो जमिनको सदुपयोग तथा भूमिहीन किसानको भूमि पहुँच अभिवृद्धि गर्न*"करार खेती तथा भूमि बैंक कार्यक्रम"*लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। सरकारी, सार्वजनिक, नदी उकास तथा निजी स्वामित्वमा रहेका उपयोगविहीन जमिनलाई अभिलेखीकरण गरी कृषिवाली, फलफूल, तरकारी, घाँसेबाली, जडीबुटी, पशुपालन तथा मत्स्यपालनका लागि उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

३७) *"भूमिमा महिलाको अधिकार, समृद्ध परिवारको आधार"*भन्ने अभियान सञ्चालन गर्दै महिला किसानको एकल वा संयुक्त जग्गा स्वामित्वलाई प्रोत्साहन गरिनेछ। संयुक्त तथा एकल लालपुर्जा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि टोल तथा समुदायस्तरमा

सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। संयुक्त स्वामित्व कायम गर्न चाहने परिवारलाई आवश्यक सहजीकरण तथा न्यूनतम व्यवस्थापन सहयोग उपलब्ध गराइनेछ।

पशुपन्छी विकाससम्बन्धी नीतिः

३८) पशुपन्छीमा देखिने संक्रामक तथा गैरसंक्रामक रोगहरूको समयमै पहिचान, रोकथाम, उपचार तथा नियन्त्रणलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। पशु स्वास्थ्य सेवामा किसानको सहज पहुँच सुनिश्चित गर्दै स्वस्थ, सुरक्षित र उत्पादनशील पशुधन विकासमा जोड दिइनेछ। साथै पशुरोगको प्रभावकारी परीक्षण तथा निगरानीका लागि लमही पशुरोग अन्वेषण प्रयोगशालालाई आधुनिक प्रविधियुक्त नमुना प्रयोगशालाको रूपमा स्तरोन्नति गरिनेछ। लमही ७ कप्तानगञ्जमा रहेको गिद्ध संरक्षण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३९) "रेबिजमुक्त र सुरक्षित समुदाय" निर्माण गर्ने लक्ष्यका साथ सामुदायिक कुकुरहरूको व्यवस्थापन तथा रेबिज नियन्त्रणका लागि नियमित बन्ध्याकरण तथा खोप कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत सामुदायिक कुकुरहरूको अनियन्त्रित प्रजनन दर घटाई जनसंख्या व्यवस्थापन गरिनेछ तथा रेबिजविरुद्धको खोप सुनिश्चित गरी रोगको संक्रमण जोखिम न्यून गरिनेछ। साथै पशुपन्छीमा देखिने बाँझोपन, प्रजनन समस्या तथा अन्य स्वास्थ्य जटिलताको समाधानका लागि विशेषज्ञसहितका पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

४०) पशुधन उत्पादन वृद्धि तथा किसानलाई प्रत्यक्ष प्रोत्साहन गर्ने उद्देश्यले कृत्रिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। पशुपालन व्यवसायको उत्पादन लागत घटाई उत्पादकत्व वृद्धि गर्न वर्षभरि हरियो तथा सुख्खा मौसममा आवश्यक घाँसको उपलब्धता सुनिश्चित गरिनेछ। उन्नत घाँसका बीउ वितरण, घाँस खेती विस्तार तथा चरन विकास कार्यक्रम सञ्चालन गरी व्यावसायिक पशुपालनलाई थप सुदृढ र दिगो बनाइनेछ।

४१) मत्स्यपालन क्षेत्रलाई आयआर्जन, रोजगारी र पोषण सुरक्षाको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै स्थानीय स्तरमा माछा उत्पादन र उत्पादकत्व वृद्धि गरी

आत्मनिर्भरता हासिल गर्न आवश्यक प्राविधिक सहयोग, तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट कृषकको आय वृद्धि, रोजगारी सिर्जना तथा पोषण सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।

## उद्योग, पर्यटन, रोजगार तथा सहकारी सम्बन्धी नीति

४२) *"सीप, श्रम र उद्यम : समृद्ध लमहीको आधार"* भन्ने अवधारणालाई आत्मसात गर्दै युवाहरूलाई स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना गर्न बजारको मागअनुसारका प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम सञ्चालन गरिनेछ। तालिमलाई उत्पादन र आयआर्जनसँग प्रत्यक्ष जोड्ने व्यवस्था मिलाइनेछ।

४३) कृषि, उद्योग, सेवा तथा पर्यटन क्षेत्रमा लगानी गर्न चाहने युवाहरूलाई आवश्यक परामर्श, सहजीकरण तथा प्रोत्साहन उपलब्ध गराइनेछ।लमही ७ हसनापुरमा रहेको औधोगिक ग्रामको विकास गरिनेछ। लमही १ सितलापुर र बसन्तपुरलाई मगर होमस्टेको रुपमा विकास गरिनेछ । लमही ७ बनघुस्रीमा रहेको होमस्टेलाई प्रोत्साहन गरिनेछ ।

४४) वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव र पूँजीलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्न **"फर्किएका युवा उद्यमशीलता कार्यक्रम"** सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमूलक बनाउन श्रम स्वीकृति, वैदेशिक रोजगारीका अवसर, श्रमिक अधिकार, वित्तीय व्यवस्थापन, सीप प्रमाणीकरण तथा वैदेशिक रोजगारीका सम्भावित जोखिमबारे जानकारी प्रदान गर्ने उद्देश्यले वडास्तरीय सुरक्षित आप्रवासन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४५) साथै वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न पुनःएकीकरण तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

४६) स्थानीयस्तरमा उत्पादित कृषि तथा गैरकृषि वस्तुको मूल्य अभिवृद्धि गर्न प्रशोधन उद्योग, प्याकेजिङ तथा ब्राण्डिङ कार्यक्रम सञ्चालन गरिनेछ। *"एक वडा-एक उत्पादन, एक उत्पादन–एक ब्राण्ड"* अभियानमार्फत स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने पहल गरिनेछ।

४७) कृषि हाटबजार बिक्री केन्द्र निर्माण गरि स्थानीय उत्पादनलाई बजारिकरणको लागि समन्वय गरिनेछ ।

४८) नगरभित्र रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, विकास र प्रचारप्रसार गर्दै पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग आबद्ध गरिनेछ। पर्यटकीय गन्तव्यहरूमा आवश्यक पूर्वाधार निर्माण, सूचना केन्द्र स्थापना तथा डिजिटल प्रचारप्रसारलाई प्राथमिकता दिइनेछ।

४९) पर्यटन क्षेत्रको विकासमार्फत रोजगारी सिर्जना गर्न स्थानीय युवाहरूलाई पर्यटक मार्गदर्शक (Tour Guide), आतिथ्यता व्यवस्थापन, होमस्टे सञ्चालन तथा पर्यटन उद्यम सम्बन्धी तालिम प्रदान गरिनेछ। पर्यटन व्यवसायमा युवाको सहभागिता अभिवृद्धि गरिनेछ।

५०) नगर क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्दै निजी क्षेत्र, सहकारी क्षेत्र तथा उद्योगी व्यवसायीहरूसँग साझेदारीमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गरिनेछ। उत्पादनमूलक उद्योग स्थापना गर्ने उद्यमीलाई आवश्यक सहजीकरण तथा प्रोत्साहन उपलब्ध गराइनेछ।

५१) सहकारी संस्थालाई बचत तथा ऋणमा मात्र सीमित नराखी उत्पादन, प्रशोधन, बजारीकरण तथा उद्यम विकाससँग आबद्ध गरिनेछ। उत्पादनशील सहकारीको अवधारणालाई प्रवर्द्धन गर्दै स्थानीय आर्थिक विकासमा सहकारीको भूमिका सुदृढ बनाइनेछ।

५२) सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न नियमित अनुगमन, संस्थागत मूल्याङ्कन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

सदस्यको बचत सुरक्षालाई उच्च प्राथमिकतामा राखी वित्तीय अनुशासन कायम गरिनेछ।

५३) स्थानीय कला, संस्कृति, हस्तकला, थारु परिकार, ढकिया, गुन्द्री, हस्त निर्मित सामग्री तथा मौलिक उत्पादनहरूको संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्दै *"लमही ब्राण्ड"* को विकास गरिनेछ।

५४) *"रोजगार, उद्यम र उत्पादनमा आधारित अर्थतन्त्र"* निर्माण गर्ने लक्ष्यका साथ उद्योग, पर्यटन, सहकारी तथा श्रम क्षेत्रबीच आपसी समन्वय र साझेदारीलाई सुदृढ गर्दै समृद्ध, आत्मनिर्भर र रोजगारमूलक स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।

५५) स्थानीय स्रोत, सीप र बजारको मागलाई मध्यनजर गर्दै ढाका बुनाई, हेयर कटिङ तथा सौन्दर्य सेवा, मखमली सामग्री निर्माण (विवाह, पूजा, पास्नी लगायतका संस्कारजन्य सामग्री), मसला उत्पादन तथा प्रशोधन, पिसानी उद्योग लगायतका क्षेत्रमा सीप विकास तालिम सञ्चालन गरिनेछ। यस्ता तालिममार्फत नयाँ उद्यमी सिर्जना गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसर विस्तार गरिनेछ।

५६) सीप विकास तालिम प्राप्त उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक उपकरण, सामग्री तथा उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ। उत्पादनमुखी तथा आयआर्जनमूलक उद्यमलाई प्रविधिमैत्री बनाउँदै प्रतिस्पर्धी व्यवसायको विकासमा सहयोग पुऱ्याइनेछ।

५७) स्थानीय उत्पादनको बजारीकरण तथा उद्यमको दिगोपना सुनिश्चित गर्न उत्पादित वस्तु तथा सेवाको ब्राण्डिङ, प्याकेजिङ, प्रदर्शनी, व्यापार मेला तथा डिजिटल बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ। प्रारम्भिक चरणमा कम्तीमा ३० जना उद्यमीलाई बजार पहुँच कार्यक्रम मार्फत सहजीकरण गरिनेछ।

५८) महिला, युवा, दलित, विपन्न तथा सीमान्तकृत समुदायलाई उद्यमशीलतामार्फत आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यले *"एक सीप, एक उद्यम, सबल आयस्रोत"* अभियान सञ्चालन गरी स्वरोजगार र आत्मनिर्भरता प्रवर्द्धन गरिनेछ।

## पूर्वाधार विकास तर्फः

### सडक पूर्वाधार

५९) *"सुगम सडक, समृद्ध लमही"* भन्ने अवधारणालाई आत्मसात गर्दै नगर केन्द्र, वडा केन्द्र तथा मुख्य आवागमन मार्गहरूलाई वर्षभरि सुरक्षित र सहज रूपमा सञ्चालनयोग्य बनाइनेछ। पक्की तथा ग्राभेल सडकहरूको नियमित मर्मत सम्भारका लागि द्रुत प्रतिक्रिया प्रणाली विकास गरी सडकको दीगो उपयोग सुनिश्चित गरिनेछ।

६०) नगरभित्रका सबै सघन बस्तीहरूलाई बाह्रै महिना यातायात सञ्चालन हुने सडक सञ्जालसँग जोड्दै प्रत्येक घरधुरीबाट अधिकतम १५ मिनेटको दूरीभित्र सडक पहुँच विस्तार गर्ने लक्ष्यसहित सडक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६१) अन्तरपालिका तथा अन्तरजिल्ला आवागमनलाई सहज, सुरक्षित र व्यवस्थित बनाउन रणनीतिक सडक सञ्जाल विस्तार तथा स्तरोन्नतिका लागि संघ, प्रदेश तथा छिमेकी स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६२) नगरको दिगो तथा योजनाबद्ध विकासका लागि सार्वजनिक–निजी–सामुदायिक साझेदारी (PPP) को अवधारणालाई प्रवर्द्धन गर्दै पूर्वाधार, पर्यटन, बजार व्यवस्थापन तथा सेवा क्षेत्रका परियोजनाहरूमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ।

६३) नगरभित्र सञ्चालन हुने सबै पूर्वाधार तथा सामाजिक विकास आयोजनाहरूको व्यवस्थित अभिलेखीकरण, प्राथमिकीकरण तथा अनुगमनका लागि *"स्थानीय आयोजना बैंक"* स्थापना गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजनाहरूलाई मात्र क्रमशः बजेट विनियोजन गर्ने प्रणाली लागू गरिनेछ।

६४) निर्माण सम्पन्न भएका पूर्वाधारहरूको दीगो संरक्षण र उपयोग सुनिश्चित गर्न मर्मत सम्भार सुदृढ बनाइनेछ।

६५) कृषि, व्यापार, उद्योग तथा शहरीकरणको सन्तुलित विकासलाई टेवा पुऱ्याउन बहुप्रतीक्षित *लमही रिङरोड* निर्माण कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ, जसले नगरको आर्थिक गतिविधिलाई नयाँ गति प्रदान गर्नेछ।

६६) पैदल यात्रुको सुरक्षा, सुविधा र सम्मानजनक आवागमन सुनिश्चित गर्न मुख्य सडक तथा व्यस्त बजार क्षेत्रमा चरणबद्ध रूपमा फुटपाथ, सडक बत्ती, विश्रामस्थल तथा सडक सुरक्षा पूर्वाधार निर्माण गरिनेछ।

<u>अन्य पूर्वाधार विकास सम्बन्धी नीति</u>

६७) नगरपालिकाको बहुवर्षीय विकास योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन वडा तहसम्म विकास बजेटको पहुँच विस्तार गरिनेछ। जनसंख्या, भूगोल, विकासको आवश्यकता तथा राजस्व परिचालन क्षमतालाई आधार मानी समतामूलक बजेट वितरण प्रणालीलाई थप सुदृढ बनाइनेछ।

६८) नगरपालिकाका भौतिक तथा सामाजिक पूर्वाधारहरूलाई नागरिकमैत्री, पहुँचयोग्य तथा समावेशी बनाउँदै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला तथा बालबालिकाले सहज रूपमा उपयोग गर्न सक्ने वातावरण निर्माण गरिनेछ।

६९) पुनर्निर्माण हुन बाँकी सार्वजनिक भवन, सामुदायिक संरचना तथा सेवा केन्द्रहरूको निर्माण कार्यलाई तीव्रता दिँदै गुणस्तरीय र सुरक्षित सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

७०) अजम्बरी सामुदायिक वन क्षेत्रमा निर्माणाधीन वातावरणमैत्री पूर्वाधार तथा दिसाजन्य लेदो व्यवस्थापन परियोजनालाई निरन्तरता दिइनेछ। साथै नगरमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न प्राकृतिक पदमार्ग (Hiking Trail), मनोरञ्जन क्षेत्र तथा पर्यटकीय पूर्वाधार विकास गरिनेछ।

## भवन, आवास तथा शहरी विकास सम्बन्धी नीति

७१) *"व्यवस्थित शहर, सुरक्षित भविष्य"* भन्ने अवधारणालाई आत्मसात गर्दै नगर क्षेत्रभित्र निर्माण हुने सम्पूर्ण भवन तथा संरचनाहरूलाई प्रचलित भवन संहिता, भूकम्प प्रतिरोधी मापदण्ड तथा वातावरणीय मापदण्ड अनुरूप निर्माण गर्न प्रोत्साहन गरिनेछ। मापदण्ड विपरीत निर्माण हुने संरचनाको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइनेछ।

७२) स्मार्ट नगर निर्माणको अवधारणाअनुसार भवन निर्माण, नक्सापास, घर नम्बरिङ, सम्पत्ति अभिलेखीकरण तथा शहरी सेवाहरूलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्दै प्रविधिमैत्री शहरी प्रशासनको विकास गरिनेछ।

७३) सुरक्षित आवासको अवधारणालाई कार्यान्वयन गर्दै विपन्न, जोखिमयुक्त बस्ती तथा प्राकृतिक प्रकोपबाट प्रभावित परिवारहरूको आवास सुरक्षाका लागि आवश्यक सहजीकरण, प्राविधिक परामर्श तथा सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७४) *"हरित तथा जलवायुमैत्री नगर"* निर्माण गर्न सार्वजनिक स्थल, सडक किनार, विद्यालय, सरकारी कार्यालय तथा खाली जग्गाहरूमा वृक्षारोपण, उद्यान निर्माण तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। वर्षा पानी संकलन, हरित भवन तथा वातावरणमैत्री पूर्वाधारलाई प्रोत्साहन गरिनेछ।

७५) नगरको आर्थिक तथा सामाजिक विकासलाई टेवा पुऱ्याउन बजार केन्द्र, कृषि संकलन केन्द्र, सार्वजनिक शौचालय, बसपार्क, पार्किङ स्थल तथा अन्य शहरी सेवा पूर्वाधारको निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।

## बन, वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन नीति

७६) *"हरित लमही, स्वच्छ लमही र सुरक्षित लमही"* निर्माण गर्ने लक्ष्यका साथ वन संरक्षण, जैविक विविधता संवर्द्धन तथा वातावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन, कबुलियती वन तथा निजी वनसँग सहकार्य गरी वृक्षारोपण, वन संरक्षण तथा हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। **"एक घर-एक रुख, एक संस्था-एक उद्यान"** अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७७) जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय संरक्षणलाई प्राथमिकता दिँदै नदी, खोलानाला, तालतलैया, सार्वजनिक जग्गा तथा जैविक विविधतायुक्त क्षेत्रहरूको संरक्षण गरिनेछ। वातावरणमैत्री विकास, नवीकरणीय ऊर्जाको प्रयोग तथा हरित पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ।

७८) *"स्वच्छ नगर, स्वस्थ नगरवासी"* भन्ने अवधारणालाई आत्मसात गर्दै घरदेखि स्रोतमै फोहोर वर्गीकरण, संकलन, पुनःप्रयोग तथा पुनर्चक्रण प्रणालीलाई व्यवस्थित गरिनेछ। प्लाष्टिकजन्य फोहोर न्यूनीकरण, सार्वजनिक स्थलको नियमित सरसफाइ तथा वातावरणीय जनचेतनामूलक अभियान सञ्चालन गरी सफा र सुन्दर नगर निर्माणमा जोड दिइनेछ।

७९) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकासको अभिन्न अंगका रूपमा अवलम्बन गर्दै बाढी, डुबान, आगलागी, चटयाङ, हावाहुरी, महामारी तथा अन्य प्राकृतिक तथा मानव सिर्जित विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ। विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै आवश्यक राहत तथा उद्धार सामग्रीको पूर्वभण्डारण गरिनेछ।

८०) विपद्को समयमा शीघ्र उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्वयंसेवक तथा समुदायसँगको समन्वयलाई सुदृढ गरिनेछ। विद्यालय, समुदाय तथा सार्वजनिक संस्थाहरूमा विपद् सचेतना, कृत्रिम अभ्यास (Mock Drill) तथा प्राथमिक उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

## <u>सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास नीतिः</u>

८१) *"भ्रष्टाचारमुक्त, पारदर्शी र जनउत्तरदायी स्थानीय सरकार"* निर्माण गर्ने उद्देश्यका साथ नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा, विकास निर्माण तथा सार्वजनिक खर्च व्यवस्थापनमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) अद्यावधिक गरी आवश्यकता अनुसार दक्ष, सक्षम र परिणाममुखी जनशक्ति व्यवस्थापन गरिनेछ। कर्मचारीहरूको कार्यसम्पादन सम्झौता प्रणालीलाई प्रभावकारी बनाउँदै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान, पुरस्कार तथा प्रोत्साहन प्रदान गरिनेछ।

८२) संघीय शासन प्रणालीको मर्म र भावना अनुरूप नागरिकलाई गुणस्तरीय, सहज र प्रभावकारी सेवा प्रदान गर्न स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। विकास निर्माण, सेवा प्रवाह, आर्थिक समृद्धि तथा सुशासनका क्षेत्रमा सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदार संस्थासँग सहकार्य, समन्वय र साझेदारीलाई थप सुदृढ बनाइनेछ।

८३) *"सुरक्षित उपभोक्ता, व्यवस्थित बजार"*अभियान सञ्चालन गर्दै बजार अनुगमनलाई नियमित, प्रभावकारी र परिणाममुखी बनाइनेछ। उपभोक्ताको स्वास्थ्य र अधिकारलाई केन्द्रमा राखी खाद्यान्न, औषधि, दैनिक उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य र मापदण्डको प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी र अनुशासित बजार प्रणालीको विकास गरिनेछ।

८४) समावेशी शासन र समान अवसरको सिद्धान्तलाई आत्मसात गर्दै महिला, दलित, आदिवासी जनजाति, थारु, मधेसी, मुस्लिम, मुक्त कम्लरी, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिक रूपमा विपन्न समुदाय तथा शहीद, बेपत्ता र द्वन्द्वपीडित परिवारका सदस्यहरूको राज्य सेवामा पहुँच अभिवृद्धि गर्न निःशुल्क लोकसेवा आयोग तयारी कक्षा, क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८५) संस्थागत सुशासन तथा उत्कृष्ट कार्यसम्पादन सुनिश्चित गर्न LGPAS (स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली)तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यसम्पादन सूचकहरूको लक्ष्य हासिल गर्ने गरी नियमित समीक्षा, अनुगमन तथा समन्वय प्रणाली विकास गरिनेछ। जनप्रतिनिधि र कर्मचारीबीच नतिजामुखी कार्यसंस्कृति विकास गरी कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

८६) नगर क्षेत्रको सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण, बजार व्यवस्थापन, राजस्व परिचालन तथा स्थानीय कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउन नगर प्रहरी व्यवस्थापनलाई थप सुदृढ गरिनेछ। आवश्यकता अनुसार जनशक्ति, स्रोतसाधन तथा प्रविधिको व्यवस्थापन गरी नगर प्रहरीलाई नागरिकमैत्री र व्यावसायिक सुरक्षा संयन्त्रका रूपमा विकास गरिनेछ।

८७) नगरपालिकाको सेवा प्रवाहलाई छिटो, सरल र नागरिकमैत्री बनाउन डिजिटल सुशासन प्रणाली विस्तार गरिनेछ। अनलाइन सेवा, विद्युतीय अभिलेख व्यवस्थापन, गुनासो व्यवस्थापन प्रणाली तथा सार्वजनिक सूचना प्रवाहलाई प्रविधिमैत्री बनाउँदै नागरिकको सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।

८८) सार्वजनिक स्रोत, साधन तथा बजेटको अधिकतम सदुपयोग सुनिश्चित गर्न योजनाको छनोटदेखि कार्यान्वयन र मूल्याङ्कनसम्म पारदर्शी तथा नतिजामुखी प्रणाली अवलम्बन गरिनेछ। विकास आयोजनाहरूको गुणस्तर, समयबद्धता तथा दिगोपनालाई विशेष प्राथमिकता दिइनेछ।

८९) सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत राजस्व संकलन, योजना व्यवस्थापन, सम्पत्ति अभिलेखीकरण, दस्तावेज व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई थप पारदर्शी, छरितो, जवाफदेही र नागरिकमैत्री बनाइनेछ। डिजिटल शासन प्रणालीलाई संस्थागत गर्दै सेवाग्राहीलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।

९०) नगर क्षेत्रभित्रका सार्वजनिक स्थल, मुख्य सडक, कार्यालय परिसर, बजार क्षेत्र तथा संवेदनशील स्थानहरूमा आवश्यकताअनुसार आधुनिक CCTV निगरानी प्रणाली विस्तार गरी नागरिक सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण तथा अपराध नियन्त्रणमा सहयोग पुऱ्याइनेछ।

९१) स्थानीय सञ्चार माध्यम, पत्रकारिता क्षेत्र तथा डिजिटल प्लेटफर्महरूसँग सहकार्य गर्दै नगरपालिकाका विकास गतिविधि, जनहितका कार्यक्रम, सार्वजनिक सूचना तथा नागरिक सरोकारका विषयहरूको प्रभावकारी प्रचार-प्रसार गरिनेछ।

९२) कृत्रिम बौद्धिकता (Artificial Intelligence-AI) मा आधारित प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै CCTV निगरानी प्रणालीमार्फत सडक दुर्घटना, ट्राफिक व्यवस्थापन तथा सार्वजनिक सुरक्षासम्बन्धी घटनाको निगरानी र विश्लेषण गर्ने स्मार्ट प्रणाली विकास गरिनेछ।

९३) नागरिकमा वित्तीय अनुशासन, बचत संस्कृतिको विकास तथा जिम्मेवार आर्थिक व्यवहार अभिवृद्धि गर्न सहकारी संस्था, टोल विकास संस्था, युवा क्लब, महिला समूह तथा सरोकारवालाहरूलाई लक्षित गरी वडास्तरीय वित्तीय साक्षरता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। वित्तीय पहुँच, बचत, लगानी तथा उद्यम विकाससम्बन्धी ज्ञान विस्तारमा विशेष जोड दिइनेछ।

९४) *"सबल राजस्व प्रणाली : आत्मनिर्भर स्थानीय सरकारको आधार"* भन्ने मान्यतालाई आत्मसात गर्दै घरबहाल करको अभिलेखलाई पूर्ण रूपमा व्यवस्थित, अद्यावधिक तथा डिजिटल प्रणालीमा आबद्ध गरिनेछ। आगामी आर्थिक वर्षलाई **"घरबहाल कर अभिलेखीकरण तथा राजस्व अभिवृद्धि वर्ष"** का रूपमा सञ्चालन गर्दै करको दायरा विस्तार गरिनेछ। साथै सम्पत्ति कर, भूमि तथा मालपोत कर, व्यवसाय कर, विज्ञापन कर, मनोरञ्जन कर लगायतका स्थानीय राजस्वका स्रोतहरूलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ।

९५) स्थानीय राजस्व प्रशासनलाई प्रविधिमैत्री, करदातामैत्री तथा उत्तरदायी बनाउँदै कर सङ्कलन प्रणालीलाई थप सुदृढ गरिनेछ। राजस्व चुहावट नियन्त्रण, करको दायरा विस्तार तथा करदाताको स्वेच्छिक सहभागिता अभिवृद्धि गर्न**"करदाता शिक्षा तथा कर सचेतना अभियान"**सञ्चालन गरिनेछ। कर तिर्ने संस्कृतिको विकास गर्दै सम्मानित करदातालाई प्रोत्साहन गर्ने व्यवस्था समेत मिलाइनेछ।

९६) नगर क्षेत्रभित्र रहेका नदी, खोलानाला तथा घाट क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोगलाई प्राथमिकता दिँदै नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यलाई कानुनी मापदण्ड, वातावरणीय सन्तुलन तथा राजस्व अभिवृद्धिसँग आबद्ध गरी व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। प्राकृतिक स्रोतको सदुपयोग र संरक्षणबीच सन्तुलन कायम गरिनेछ।

९७) *"स्थानीय स्तरमै सहज न्याय"* भन्ने अवधारणालाई व्यवहारमा उतार्दै प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापनलाई सुदृढ बनाइनेछ। समुदायमा उत्पन्न हुने सामान्य विवादहरू स्थानीय स्तरमै सौहार्दपूर्ण रूपमा समाधान गर्न मेलमिलाप प्रणालीलाई प्रभावकारी बनाइनेछ।

९८) सूचीकृत मेलमिलापकर्ताहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिम, पुनर्ताजगी कार्यक्रम तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। मेलमिलापकर्ताहरूलाई समुदायमै न्याय र सद्भाव प्रवर्द्धन गर्ने सक्षम संयन्त्रका रूपमा विकास गरिनेछ।

९९) राजस्व परिचालन, न्यायिक सेवा तथा सार्वजनिक प्रशासनलाई नागरिकमैत्री, पारदर्शी र उत्तरदायी बनाउँदै**"सुशासन, न्याय र आर्थिक आत्मनिर्भरता"**लाई स्थानीय विकासको आधारस्तम्भका रूपमा स्थापित गरिनेछ। नागरिकको विश्वास अभिवृद्धि गर्दै उत्तरदायी र परिणाममुखी स्थानीय शासन प्रणालीको विकास गरिनेछ।

१००) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी नागरिकको पहुँच अभिवृद्धि गर्न प्रत्येक वडामा जनचेतनामूलक अभियान, अभिमुखीकरण तथा घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। विशेषगरी दुर्गम बस्ती, विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित गरिनेछ।

धन्यवाद !